# नेपाल निर्माण व्यवसायी महासंघको

## सार्वजनिक खरिद ऐन, २०६३ मा दोस्रो संशोधनको विधेयकमा समावेश भएका र थप नभएका दफाहरुको संशोधनका लागि प्रस्तावीत तीन महले :

| सि.नं. | विधेयक/ ऐन दफा | उप-दफा | प्रस्तावित विधेयक/ऐनको मौजुदा व्यवस्था | प्रस्तावित विधेयक/ऐनमा गर्नुपर्ने संशोधन | प्रस्तावित विधेयक/ऐनमा संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|
| १ | **प्रस्तावना** साविकमा व्यवस्था नभएकोले प्रस्तावना को शुरु वाक्यांश अगाडी थप गरिएको | मूल ऐनमा संशोधन | सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन,<br>सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता र विश्वसनीयता प्रवर्द्धन गरी मितब्ययी तथा विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न र सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा, मालसामान, परामर्श सेवा तथा अन्य सेवा खरिद गर्दा त्यस्तो खरिदको व्यवस्थापन क्षमता अभिवृद्धि गरी उत्पादक, विक्रेता, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई बिना भेदभाव सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,<br>प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो बर्षमा प्रतिनिधिसभाले यो ऐन बनाएको छ । | **नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तह बिच**को सह-अस्तित्व, समन्वय र सहकारिता प्रवर्द्धन गर्दै लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप ………… | नेपालको संविधान प्रारम्भ भएपछि राज्य संरचनामा परिवर्तन भई संघ, प्रदेश र स्थानीय तह कायम भई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीका आधारमा राज्यका कार्यहरु संचालन भईरहेको सन्दर्भमा सार्वजनिक खरिद प्रक्रियामा पनि संघीय ढाँचाको अवधारणालाई नेपालको संविधानको व्यवस्था बमोजिम संघ, प्रदेश र स्थानीय तह समेतमा हुने खरिदको अवधारणालाई प्रस्तावनामा समावेश गरी संघीय शासन प्रणाली अनुरुप बनाउन वाञ्छनीय भएकोले । |
| २ | ४ | मूल ऐनमा संशोधन | साविकमा व्यवस्था नभएकोले उपदफा (३ग) पछि उपदफा (३घ) थपिएको | (३घ) निर्माण कार्यको खरिदको हकमा लागत अनुमान तयार गर्दाका बखत निर्माण कार्य सम्पन्न गर्नुपर्ने निर्माण अवधि निर्धारण गर्दा भौगोलिक, मौसमी अवस्था, निर्माण सामाग्रीको | सबै क्षेत्रको एउटै निर्माण कार्य तालिका हुँदा कहि अपुग र कहि बढी निर्माण अवधि हुने भएकोले भौगोलिक विकटता र सुगमतालाई समेत बिचार गरि निर्माण कार्य सम्पन्न गर्नुपर्ने **निर्माण अवधि** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | उपलब्धता एवं आवश्यक श्रमिकको उपलब्धता तथा चाडपर्वको बिचार गरी निर्माण कार्य हुने **कार्य दिन (Working Days)** समेतको आधारमा निर्माण अवधि प्रस्ताव गर्नुपर्नेछ । | **कार्य हुने दिनलाई आधार मानि** तोक्नु उपयुक्त हुने भएकोले । |
| ३ | १० | (१) मूल ऐनमा संशोधन | (१) बोलपत्रदाता वा प्रस्तावदाताले खरिद सम्झौता प्राप्त गर्न देहाय बमोजिमको योग्यता पुरा गरेको हुनु पर्नेछ । | (१) बोलपत्रदाता वा प्रस्तावदाताले खरिद सम्झौता प्राप्त गर्न अनुभव वापत **चालिस प्रतिशत र टर्नओभर वापत पचास प्रतिशत** भए पुग्ने गरी देहाय बमोजिमको योग्यता पुरा गरेको हुनु पर्नेछ । | हाल विद्यमान अनुभवको **असी प्रतिशतलाई चालिस प्रतिशतमा घटाई** टर्नओभार **पचास** प्रतिशत भए पुग्ने व्यवस्था गर्दा बढीभन्दा बढी प्रतिस्पर्धा हुने र निर्माण कम्पनीहरुको क्षमता अभिवृद्धि, विकास भई सवलिकरण हुने भएकोले । |
| ४ | १० | (३) मूल ऐनमा संशोधन | (३) उपदफा (२) बमोजिम आधार उल्लेख गर्दा निर्माण व्यवसायी सम्बन्धि प्रचलित कानून बमोजिम ईजाजत-पत्र प्राप्त विभिन्न वर्गका निर्माण व्यवसायी मध्ये तोकिए बमोजिमको वर्गका निर्माण व्यवसायीले तोकिए बमोजिमको सिमा भित्र रहि प्रतिस्पर्धा गर्न सक्ने व्यवस्था गर्नु पर्नेछ । | (३) उपदफा (२) बमोजिम आधार उल्लेख गर्दा निर्माण व्यवसायी सम्बन्धि प्रचलित कानून बमोजिम ईजाजत-पत्र प्राप्त विभिन्न बर्गका निर्माण व्यवसायी मध्ये **निर्माण व्यवसाय ऐन, २०५५ मा** तोकिए बमोजिमको वर्गका निर्माण व्यवसायीले **निर्माण व्यवसाय ऐन, २०५५** मा तोकिए बमोजिमको सिमा भित्र रही प्रतिस्पर्धा गर्न सक्ने व्यवस्था गर्नु पर्नेछ । | निर्माण व्यवसायीको वर्ग र काम गर्ने सिमा निर्माण व्यवसायी ऐनमा साविकमा पनि निर्माण व्यवसायी ऐनले तोकिएको हुँदा एकरुपता ल्याउनु पर्ने देखिएकोले । |
| ५ | १० | (५) मूल ऐनमा संशोधन | (५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि योग्यता आवश्यक पर्ने भनि सार्वजनिक निकायबाट निश्चित गरिएका निर्माण कार्यमा बाहेक **दुई करोड** सम्मको लागत अनुमानभन्दा कम लागत अनुमान भएको निर्माण कार्यको खरिदमा योग्यता निर्धारण गरिने छैन । | (५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि योग्यता आवश्यक पर्ने भनी सार्वजनिक निकायबाट निश्चित गरिएका निर्माण कार्यमा बाहेक **रु.पाँच करोड** सम्मको लागत अनुमान भएको निर्माण कार्यको खरिदमा योग्यता निर्धारण गरिने छैन । तर **रु.दुई करोड देखि रु.पाँच करोड सम्मको निर्माण कार्यका लागि पाँच वर्ष** पुराना फर्म/कम्पनी भएको र **सोही जिल्लामा दर्ता रहेको निर्माण फर्म/कम्पनीले मात्र भाग लिन पाउने छन र बढीमा ३ वटा प्याकेजसम्म मात्र निर्माण** कार्य गर्न सक्नेछन् । उक्त **तीन वटा मध्ये एक प्याकेजको निर्माण कार्यको असी प्रतिश**त कार्य सम्पन्न भए पछि मात्रै चौथो प्याकेजमा सहभागि हुन पाउने छन् । | हाल विद्यमान रहेको **रु. दुई करोडको व्यवस्था समय सापेक्ष नभई मुद्रास्फीति दर बढ्न गएको केही बर्ष अगाडिको रु.दुई करोडलाई हालको रु. पाँच करोडसंग तुलना गर्न सकिने, बजारमा मुल्य बृद्धिको कारणले रु. दुई करोडको सिमालाई रु.पाँच करोड बनाउनु** पर्ने भएको र निर्माण व्यवसायीहरुलाई निजहरुले जिम्मा लिएको काम समयमा सम्पन्न गर्न अभिप्रेरित गर्न र स्थानिय स्तरमै रोजगारी सृजना गर्न उपयुक्त भई **रोजगारीका लागि विदेशमा जाने परम्परालाई निरुत्साहित गर्न आवश्यक भएकोले ।** |
| ६ | १३ | २ (छ१) विधेयकमा | तोकिए बमोजिमको निर्माण सम्पन्न भए पछि तोकिएको आधारमा १ | तोकिए बमोजिमको निर्माण सम्पन्न भए पछि तोकिएको आधारमा १ वर्ष देखि २ वर्षसम्म | निर्माणको प्रकृति अनुसार वर्गीकरण गरी मर्मत सम्भारको समय अवधि लामो भएकोले लागत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | संशोधन | वर्षदेखि ५ वर्षसम्म मर्मत सम्भारको दायित्व बोलपत्रदाताले लिनुपर्ने व्यहोरा, | मर्मत सम्भारको दायित्व बोलपत्रदाताले लिनुपर्ने व्यहोरा, | प्रभावकारी नहुने । |
| ७ | १३ | विधेयकमा संशोधन थप | हाल प्रस्तावित विधेयकमा व्यवस्था नभएकोले प्रस्तावित **विधेयकको दफा १३(२) (छ१) पछि खण्ड (छ२)** थप गरिएको | (छ२) बमोजिमको मर्मत सम्भार वा निर्माण कार्यको **त्रुटी सच्याउने दायित्वको अवधि (Defects Liability Period)** को बीमा सार्वजनिक निकाय वा नियोक्ता स्वयम्ले अनिवार्य रुपले गराउनु पर्नेछ । | बोलपत्रदाताले गर्ने बीमा निर्माण अवधिको लागि मात्र सिमित हुने र सम्बन्धित संरचना हस्तान्तरण पश्चात् सार्वजनिक निकाय वा नियोक्तामा सोको स्वामित्व हस्तान्तरण हुने भएकोले सोको जिम्मेवारी सार्वजनिक निकाय वा नियोक्ताले लिई दैवि प्रकोप वा अन्य कारणले हुने क्षतीको दायित्व वहन गर्न नियोक्ता स्वयम्ले बीमा पोलीसी बमोजिम बीमा गराउन आवश्यक भएकोले । |
| ८ | १३ | २(ढ१) मूल ऐनमा संशोधन | (ढ१) बोलपत्रदाताले लागत अनुमान भन्दा **पन्ध्र प्रतिशत**सम्म कम अंक कबुल गरेमा कवुल अंकको **पाँच** प्रतिशत र लागत अनुमानको **पन्ध्र** प्रतिशत भन्दा बढी घटेर कवुल गरेको अवस्थामा **पन्ध्र** प्रतिशत भन्दा जति रकमले घटीमा कवुल गरेको छ सोको **पचास** प्रतिश**तले हुन आउने रकम कवुल अंकको पाँच** प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत राख्नु पर्नेछ । | (ढ१) बोलपत्रदाताले लागत अनुमानको **पाँच प्रतिशत कार्य सम्पादन** जमानत राख्नु पर्नेछ । | लो विडिङ्गलाई रोक्ने उद्देश्यले यो व्यवस्था राखिएको भएतापनि लोविडिङ्ग रोकिन नसकेको, **लो विडिङ्गलाई रोक्ने सम्बन्धमा दफा २५** मा संशोधन प्रस्ताव गरी लागत अनुमानको २५ प्रतिशत भन्दा घटी कवुल गर्ने बोलपत्र मुल्याङ्कनमा समावेश नगर्ने गरी संशोधन प्रस्ताव गरिएको । **यो** व्यवस्थाले बोलपत्रदातालाई अनावश्यक आर्थिक भार पर्न गई उक्त आर्थिकभार अन्ततः सार्वजनिक निकाय वा नियोक्ताले नै बहन गर्नुपर्ने भएकोले र गुणस्तरिय कार्य समेत हुन नसकेकोले । |
| ९ | १४ | (३)(च१) विधेयकमा संशोधन | तोकिए बमोजिमको निर्माण सम्पन्न भए पछि तोकिएको आधारमा १ वर्षदेखि ५ वर्षसम्म मर्मत सम्भारको दायित्व बोलपत्रदाताले लिनुपर्ने व्यहोरा, | तोकिए बमोजिमको निर्माण सम्पन्न भए पछि तोकिएको आधारमा १ वर्ष देखि २ वर्षसम्म मर्मत सम्भारको दायित्व बोलपत्रदाताले लिनुपर्ने व्यहोरा, | निर्माणको प्रकृति अनुसार वर्गीकरण गरी मर्मत सम्भारको समय अवधि लामो भएकोले लागत प्रभावकारी नहुने । |
| १० | १४ | मूल ऐनमा संशोधन थप | हाल प्रस्तावित विधेयकमा व्यवस्था नभएकोले प्रस्तावित विधेयकको दफा १४(३) (च१) पछि खण्ड (च२) थप गरिएको | (च२) खण्ड (च१) बमोजिमको मर्मत सम्भार वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधिको बीमा सार्वजनिक निकाय वा नियोक्ताले स्वयम अनिवार्य रुपले गराउनु पर्नेछ । | बोलपत्रदाताले गर्ने बीमा निर्माण अवधिको लागि मात्र सिमित हुने र सम्बन्धित संरचना हस्तान्तरण पश्चात् सार्वजनिक निकाय वा नियोक्तामा सोको स्वामित्व हस्तान्तरण हुने भएकोले सोको जिम्मेवारी सार्वजनिक निकाय वा नियोक्ताले लिई दैवि प्रकोप वा अन्य कारणले हुने क्षतिको दायित्व वहन गर्न नियोक्ता स्वयम्ले बीमा गराउन आवश्यक भएकोले । |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | १४ | (८) मूल ऐनमा संशोधन | (८) सार्वजनिक निकायले अन्तर्राष्ट्रिय स्तरको बोलपत्र मार्फत गर्ने खरिदमा नेपाली उद्यमी तथा व्यवसायीलाई तोकिए बमोजिम **घरेलु प्राथमिकता (डोमेस्टीक प्रिफरेन्स)** दिन सक्नेछ र यसरी घरेलु प्राथमिकता दिने भएमा सो कुरा बोलपत्र आव्हानको सुचना र बोलपत्र  सम्बन्धी कागजातमा उल्लेख गर्नुपर्नेछ। तर राष्ट्रिय स्तरको बोलपत्रको माध्यमबाट हुने निर्माण कार्यको खरिदमा तोकिएको लागत अनुमानसम्म स्वदेशी बोलपत्रदाता बिचमात्र प्रतिस्पर्धा गराई खरिद गर्न सकिने छ। | (८) सार्वजनिक निकायले अन्तर्राष्ट्रिय स्तरको बोलपत्र मार्फत गर्ने खरिदमा नेपाली उद्यमी तथा व्यवसायीलाई र नेपाली उद्यमी तथा व्यवसायीको **पचास** प्रतिशत लगानी भएको विदेशी उद्यमीसंगको संयुक्त उपक्रम वा एकिकरण भई प्रस्ताव प्रस्तुत भएको सार्वजनिक खरिदमा त्यस्ता नेपाली उद्यमी तथा व्यवसायीले विदेशी निर्माण व्यवसायीसंग संयुक्त उपक्रम वा एकिकरण गरी पेश गरेको प्रस्ताव विदेशी उद्यमी वा निर्माण व्यवसायीले पेश गरेको प्रस्ताव भन्दा **७.५ प्रतिशत बढी** भएपनि सो प्रस्तावलाई तोकिए बमोजिम **घरेलु प्राथमिकता (डोमेस्टीक प्रिफरेन्स)** दिनुपर्नेछ। तर राष्ट्रियस्तरको बोलपत्रको माध्यमबाट हुने निर्माण कार्यको खरिदमा तोकिएको लागत अनुमानसम्म स्वदेशी बोलपत्रदाता बिच मात्र प्रतिस्पर्धा गराई खरिद गर्नुपर्नेछ। | स्वदेशी निर्माण व्यवसायीहरु र स्वदेशी निर्माण व्यवसायीहरुको **५० प्रतिशत लगानी हुने निर्माण कार्यमा घरेलु प्राथमिकता दिई स्वदेशी निर्माण व्यवसायीहरुको** सहभागिता बढाउदै क्रमशः विदेशी निर्माण व्यवसायीहरुलाई प्रतिस्थापन गर्दै लान उपयुक्त भएको। यसबाट विदेशी मुद्रा संचित हुनुको साथै स्वदेशी रोजगारी सृजना हुने र स्वदेशी निर्माण व्यवसायीहरुको क्षमता समेत अभिबृद्धि हुने भएकोले। यसरी घरेलु प्राथमिकता दिदाँ नेपालका निर्माण व्यवसायीसँग विदेशी निर्माण व्यवसायी संयुक्तउपक्रम गर्न प्रोत्साहित हुने र यसबाट विदेशी प्रविधि हस्तान्तरण स्वदेशी निर्माण व्यवसायीहरुको क्षमता अभिवृद्धी हुने। साथै स्वदेशी निर्माण व्यवसायीहरु स्वरोजगार भई नेपालीहरुलाई रोजगारी दिन सक्ने। |
| १२ | २५ | (७क) विधेयकमा संशोधन | (७क) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखेको भएता पनि निर्माण कार्यको हकमा कुनै बोपत्रदाताले कुनै आईटममा लागत अनुमानमा उल्लेखित दरको **पचास प्रतिशत** भन्दा कम दर उल्लेख गरेको खण्डमा बोलपत्र मुल्याङ्कन गर्दा तुलना गर्ने प्रयोजनको लागि मात्र सो आईटममा लागत अनुमानको दर राखी बोल अंक कायम गरिने छ। तर त्यस्तो बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो आईटममा निजले उल्लेख गरेकै दर गणना गरी कुल बोल अंक कायम गरी सम्झौता गरिने छ। | (७क) यस उप-दफाको बोल अंक कायम गरिने छ भन्ने शव्दावली पछि **"यस उपदफाको प्रयोजनको लागि BOQ मा नै आईटम अनुसारको इस्टीमेट दररेट रकम खुल्ने गरी प्रकाशित गरिने छ**" भन्ने वाक्यांश थप गर्नु पर्ने। | निर्माण क्षेत्रमा देखिएको लो बिडिङको अभ्यासलाई निरुत्साहित गरी पारदर्शी बनाउन वाञ्छनीय भएकोले। |
| १३ | २५ | (७ख) विधेयकमा संशोधन | (७ख) कुनै बोलपत्रदाताले लागत अनुमानको तिस प्रतिशत भन्दा कम कबोल गरी बोलपत्र पेश गरेकोमा त्यस्तो बोलपत्रदातासंग दर विश्लेषण | (७ख) कुनै बोलपत्रदाताले लागत अनुमानको **पच्चीस** प्रतिशत भन्दा कम कबोल गरी बोलपत्र पेश गरेमा यस उपदफाको प्रयोजनको लागि BOQ मा नै आईटम अनुसारको | निर्माण क्षेत्रमा देखिएको लो बिडिङलाई निरुत्साहित गर्न,  समयमा र गुणस्तरीय कार्य सम्पन्न गर्न तथा  लागत ईष्टिमेटमा पच्चीस प्रतिशत फरक हुने भएमा विधेयकमा उल्लेखित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | माग गर्नुपर्ने छ । | ईस्टिमेट दररेट रकम खुल्ने गरी प्रकाशित गरिनेछ । लागत अनुमानको **पच्चीस** प्रतिशत भन्दा कम कबोल गरी बोलपत्र पेश गरेमा त्यस्तो बोलपत्रदाताको बोलपत्र मुल्याङ्कनमा समावेश गरिने छैन । | भए अनुसार परामर्शदाता र नियोक्तालाई कारवाही हुने व्यवस्था भएकोले सो व्यवस्थासँग एकरुपता कायम गर्न वाञ्छनिय भएकोले । |
| १४ | | (७ग) विधेयकमा संशोधन | (७ग) उप-दफा (७ख) बमोजिम बोलपत्रदाताले पेश गरेको दर विश्लेषणलाई निजले उल्लेख गरेको कार्य सम्पादन गर्ने तरिका व्यवस्थापन विधी समेतको आधारमा प्रचलित नर्म्स र दररेट अनुसार दर विश्लेषण गरी तुलना गर्नुपर्ने छ र यसरी तुलना गर्दा त्यस्तो दर विश्लेषण अस्वभाविक हुने देखिएमा त्यस्तो बोलपत्रदातालाई मुल्याङ्कन मा समावेश गरिने छैन । | (७ग) यो उप-दफा हटाउनु पर्ने । | यस उप-दफामा गरिएको व्यवस्थामा अत्याधिक तजविजी अधिकार सार्वजनिक निकायको अधिकारीलाई प्रदान गरिएकोले यस्तो तजवीजी अधिकारको दुरुपयोग हुने र अनियमितता बढ्ने हुँदा त्यस्तो तजवीजी अधिकार प्रदान गर्न उपयुक्त नहुने भएकोले । |
| १५ | २७ | (४) मूल ऐनमा संशोधन | (४) उपदफा (३) को अवधि भित्र सम्बन्धित बोलपत्रदाताले कार्य सम्पादन जमानत दाखिल गरी दफा ५२ बमोजिम खरिद सम्झौता गर्नुपर्नेछ । यसरी जमानत दाखिल गर्दा बोलपत्रदाताले लागत अनुमान भन्दा १५ प्रतिशत सम्म कम अंक कबुल गरेमा कवुल अंकको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशत भन्दा बढी घटेर कवुल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले घटी कवुल गरेको छ सोको ५० प्रतिशत हुन आउने रकम कवुल अंकको ५ प्रतिशतमा थप गरी कार्य सम्पादन वापत दाखिल गर्नुपर्नेछ । | (४) उपदफा (३) को अवधि भित्र सम्बन्धित बोलपत्रदाताले कवोल अंकको ५ प्रतिशत कार्य सम्पादन जमानत दाखिल गरी दफा ५२ बमोजिम खरिद सम्झौता गर्नुपर्नेछ । | लो विडिङ्गलाई रोक्ने उद्देश्यले यो व्यवस्था राखिएको भएता पनि लो विडिङ्ग रोकिन नसकेको, **लो विडिङ्गलाई रोक्ने सम्बन्धमा दफा २५** मा संशोधन प्रस्ताव गरी लागत अनुमानको २५ प्रतिशतभन्दा बढी घटेर कवुल गर्ने बोलपत्र मुल्याङ्कनमा समावेश नगर्ने गरी संशोधन प्रस्ताव गरिएको । यो व्यवस्थाले बोलपत्रदातालाई अनावश्यक आर्थिक भार पर्न गई उक्त आर्थिकभार अन्ततह सार्वजनिक निकाय वा नियोक्ताले नै बहन गर्नुपर्ने भएकोले र गुणस्तरिय कार्य समेत हुन नसकेकोले । |
| १६ | ४४ | विधेयकमा संशोधन | ४४. मुल ऐनको दफा ४४ मा सो सम्बन्धी सेवा प्राप्त गर्दा भन्ने शब्दहरु पछि "स्थानिय श्रम मुलक, स्थानीय सामग्री तथा प्रविधिको प्रयोग हुने, उच्चस्तरको प्राविधिक जनशक्ती | ४४. मुल ऐनको दफा ४४ मा सो सम्बन्धी सेवा प्राप्त गर्दा भन्ने शब्दहरु पछि "स्थानिय श्रम मुलक, स्थानिय सामाग्री तथा प्रविधिको प्रयोग हुने, उच्चस्तरको प्राविधिक जनशक्ती प्रविधि वा उपकरण आवश्यक नपर्ने र निर्माण | उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा हाल अत्याधिक रुपमा स्काभेटर लगायतका मेसीन उपकरण प्रयोग गरी निर्माण कार्यहरु भैरहेको पाईरहेको हुँदा यस्तो कार्य उपभोक्ता समिति र लाभग्राही समुदायबाट निर्माण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रविधि वा उपकरण आवश्यक नपर्ने र निर्माण सम्पन्न भए पछि सोको मर्मत सम्भारको जिम्मा समेत लिन सक्ने भएमा” भन्ने शब्दहरु थपिएका छन । | सम्पन्न भए पछि सोको मर्मत सम्भारको जिम्मा समेत लिन सक्ने भएमा, श्रोतमा कर कट्टी वा राजश्व तिर्न पर्ने एवं मूल्य अभिबृद्धि कर समावेश भएकोमा सो कर सरकारलाई फिर्ता गर्नुपर्ने र उल्लेखित व्यवस्था विपरित उपभोक्ता समिति र लाभग्राही समुदायबाट निर्माण कार्य गराई भुक्तानी गरेमा त्यसरी भुक्तानी गर्ने प्राविधिक र पदाधिकारीलाई कारवाही हुने” भन्ने शब्दावली थपिएका छन् । | कार्य गराउने सार्वजनिक खरीद ऐन र नियमको उद्देश्य र मर्म विपरीत भएकोले स्थानिय श्रमीकलाई रोजगारी दिनुको सट्टा उच्चस्तरको उपकरण प्रयोग गरी संस्थागत अनियमीतता मौलाएकोले सोलाई निरुत्साहित गर्न आवश्यक भएको र उपभोक्ता समिति वा लाभग्राही समुदायले इस्टिमेटमा समावेश भएको कर, राजश्व तिर्नु पर्ने र मूल्य अभिवृद्धि कर समावेश भएकोमा नेपाल सरकारलाई फिर्ता गर्नु पर्ने व्यवस्था समेत राखि उपभोक्ता समिति र लाभग्राही समुदायलाई जवाफदेही बनाउन आवश्यक भएकोले । |
| १७ | ५१ | (२) र (३) मूल ऐनमा संशोधन | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा खरिद कारवाही रोक्का गर्नुपर्ने छैन :-<br>(क) खरिद कारवाहीमा निहित महत्वपूर्ण सार्वजनिक हितको कारणबाट खरिद कारवाही जारी राख्न जरुरी भएको कुरा प्रमाणित गरी सार्वजनिक निकायले पुनरावलोकन समितिलाई जानकारी दिएमा, वा<br>(ख) दफा ५० को उपदफा (४) को अवधि भित्र पुनरावलोकन समितिबाट निर्णय हुन नसकेमा, वा<br>(ग) खरिद सम्झौता भइ सकेकोमा ।<br>(३) सार्वजनिक निकायले उपदफा (२) को खण्ड (क) र (ख) बमोजिम खरिद कारवाही रोक्का नगरेमा सोको जानकारी पुनरावलोकन समितिलाई दिनु पर्नेछ । | यो व्यवस्था खारेज गर्नुपर्ने । | सार्वजनिक निकायले पुनरावलोकन समितिमा विचाराधिन विषयमा खरिद कारवाही अगाडी बढाउन नमिल्ने भएकोले र यसरी खरिद सम्झौता गरिएको अवस्थामा पुनरावलोकनको औचित्य समाप्त हुने भएकोले यो व्यवस्था खारेज गर्न उपयुक्त भएको । |
| १८ | ५२.क | ५२.क विधेयकमा संशोधन | ५२.क पेश्की सम्वन्धि व्यवस्था: (१) सार्वजनिक निकायले निर्माण कार्यको खरिद सम्झौता पश्चात् आवश्यकता र औचित्य हेरी निर्माण व्यवसायीबाट | ५२.क पेश्की सम्वन्धि व्यवस्था: (१) सार्वजनिक निकायले निर्माण कार्यको खरिद सम्झौता पश्चात् निर्माण व्यवसायीबाट अग्रिम बैंक जमानत लिई **बीस प्रतिशतमा** नबढ्ने गरी | पेश्की दिने सम्बन्धी व्यवस्थामा तजविजी अधिकारको अधिक प्रयोग हुनु नहुने र हाल बीस प्रतिशतलाई घटाउँदा राज्यकोषमा उक्त रकम निष्कृय रहने, तर व्यवसायीलाई बैंक वा अन्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अग्रिम बैंक जमानत लिई **दश** प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्नेछ ।<br>(२) उपदफा १ बमोजिम पेश्की दिंदा निर्माण व्यवसायीबाट कार्य तालिका लिई सम्झौता र कार्य तालिका बमोजिम कार्य प्रारम्भ गरेको तथा स्थलगत रुपमा परिचालन भएको तथ्य निर्माण व्यवसायीले निर्माण स्थलमा निर्माण सामाग्री उपकरण ल्याएको र कामदार परिचालन गरेको प्रतिवेदनबाट एकिन गरी सो आधारमा पहिलो पटक **पाँच प्रतिशतमा** नबढने गरी र बाँकी रकम कार्य प्रगतिको आधारमा दिन सकिने छ । | पेश्की दिनु पर्नेछ । तर ट्रष्ट, ब्रिज, झोलुङ्गेपुल, हाइटेन्शन लाइन, विद्युतीकरण, हाईड्रोपावर, सबस्टेशन, खानेपानीको पाईप जस्ता विशेष र जटिल प्रकृतिका तत्काल लगानी गर्नुपर्ने कार्यहरुमा **पचहत्तर** प्रतिशत सम्म पेश्की दिन सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम पेश्की दिंदा निर्माण व्यवसायीसंग सम्झौता भएपछि **दश प्रतिशतमा** नबढ्ने गरी र निर्माण व्यवसायीले पेश गरेको कार्य तालिका बमोजिम कार्य प्रारम्भ गरेको तथा स्थलगत रुपमा परिचालन भएको तथ्य निर्माण व्यवसायीले निर्माण स्थलमा निर्माण सामाग्री उपकरण ल्याएको र कामदार परिचालन गरेको प्रतिवेदनबाट एकिन गरी सोको आधारमा कार्य संचालन भएपछि बाँकी **दश प्रतिशत** पेश्की दिनुपर्नेछ । | श्रोतबाट रकम व्यवस्थापन गर्दा लागत बढ्न गई प्रतिष्पर्धामा संकुचन आउने, पेशिक दिएको रकमको मुल्यवृद्धि दिनु नपर्ने, निर्माण लागत उल्लेख रुपमा घट्ने, बजारमा नगद प्रवाह समेत कम हुने हुँदा बीस प्रतिशत पेशिक दिने व्यवस्था कायम राख्न बाञ्छनिय भएकोले । साथै झोलुङ्गेपुल, हाइटेन्शन लाइन, विद्युतीकरण, हाईड्रोपावर, सबस्टेशन, खानेपानीको पाईप जस्ता खरीद कार्यमा शुरुमा अत्याधिक ठूलो लगानी गरिनु पर्ने भएकोले । |
| १९ | ५३. | विधेयक मा संशोधन | ५३. मूल ऐनको दफा ५३ मा संशोधनः मुल ऐनको दफा ५३ मा रहेको **क्षेत्र परिवर्तन** नहुने शब्दहरु पछि र सार्वजनिक निकायलाई आर्थिक भार नपर्ने भन्ने शब्दहरु रहेका छन् । | दफा ५३ मा गरिएको प्रस्तावित संशोधन हटाउनु पर्ने । | जुनसुकै कारणबाट खरिद सम्झौताको संशोधन भएता पनि समयमा कार्य सम्पादन हुन नसक्ने, सुरुमा नै गलत ड्रइङ्ग, डिजाईन भएको कारणबाट वा सार्वजनिक निकायको कारणबाट समेत खरिद सम्झौताको संशोधन गर्नुपर्ने व्यवस्था विद्यामान हुन सक्ने हुँदा त्यस्तो अवस्थामा सार्वजनिक निकायले निर्माण व्यवसायीबाट थप आर्थिकभार बहन गराउन न्यायोचित नभएकोले । |
| २० | ५५ | (१) मूल ऐनमा संशोधन | (१) खरीद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक **बाह्र महिना भन्दा बढी अवधिको खरीद** सम्झौता कार्यान्वयन गर्ने क्रममा मुल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले मूल्य समायोजन गर्न सक्नेछ । | (१) खरीद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक **जति सुकै अवधिको खरीद सम्झौता का**र्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले **नेपाल राष्ट्र बैंकको मुल्य वृद्धि सम्बन्धि ईन्डेक्स अनुसार** मुल्य समायोजन गर्नेछ । | **छोटो अवधिमा पनि मुल्य वृद्धि हुने हुँदा साना निर्माण व्यवसायीहरुलाई थप आर्थिक भार पर्न जाने भएकोले** नेपाल राष्ट्र बैंकको मुल्यवृद्धि सम्बन्धि ईन्डेक्स बमोजिम जतिसुकै अवधिको खरिदमा पनि यस ऐन बमोजिम मूल्य समायोजन गरी भुक्तानी गर्नु उपयुक्त भएकोले । |
| २१ | ५६ | (२) विधेयकमा संशोधन | मुल एनेको दफा ५६ मा संशोधनः मुल ऐनको दफा ५६ को उपदफा (२) मा रहेको तोकिएको आधारमा भन्ने शब्दहरु पछि शुरु सम्झौताको **पचास** | प्रस्तावित संशोधन हटाउनु पर्ने । | सार्वजनिक निकाय स्वयम्को कारण वा काबु बाहिरको परिस्थितीबाट श्रृजीत कारणले गर्दा म्याद थप हुने भएकोले यसरी प्रतिशतमा म्याद थप राख्नु उपयुक्त नहुने । यसरी प्रतिशतमा म्याद थप |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **प्रतिशत**मा नबढ्ने गरी भन्ने शब्दहरु थपिएका छन् । | | राख्ने व्यवस्था स्थापित अन्तर्राष्ट्रिय मान्यता समेत विपरित भएकोले । |
| २२ | | (३) विधेयकमा संशोधन | उपदफा (२) बमोजिम थपिएको अवधिमा समेत सम्झौता बमोजिमको काम विशेष परिस्थिति वा अन्य मनासिव कारणले सम्पन्न हुन नसकेमा सार्वजनिक निकायलाई थप आर्थिक भार नपर्ने गरी नेपाल सरकार **मन्त्रिपरीषद्ले** आवश्यक अवधि बढाउन सक्नेछ । | प्रस्तावित संशोधन हटाउनु पर्ने । | सार्वजनिक निकाय स्वयम्को कारण वा काबु बाहिरको परिस्थितीबाट श्रृजीत कारणले गर्दा म्याद थप हुने भएको र मन्त्रिपरिषद्लाई अनावश्यक कार्यबोझ भई **भौतिक पूर्वाधारको विकास मार्फत आर्थिक समृद्धि प्राप्त गर्ने सरकारको लक्ष्य समेत अवरुद्ध** हुने भएकोले । साथै सार्वजनिक निकाय वा नियोक्ताको कारणबाट हुने म्याद थपमा निर्माण व्यवसायीबाट थप आर्थिकभार वहन गराउन न्यायोचित हुने नभएकोले । |
| २३ | | (४) विधेयकमा संशोधन | उपदफा (३) बमोजिम अवधि बढाईएकोमा सम्झौता बमोजिमको काम सम्पन्न नगरे सम्म त्यस्तो सम्झौता प्राप्त गर्ने व्यक्ति नयाँ खरिद कार्यमा समावेश हुन सक्ने छैन । | प्रस्तावित संशोधन हटाउनु पर्ने । | सार्वजनिक निकाय स्वयम्को कारण वा काबु बाहिरको परिस्थितीबाट श्रृजीत कारणले गर्दा म्याद थप हुने भएकोले सार्वजनिक निकाय वा नियोक्ताको कारणबाट हुने म्याद थपमा निर्माण व्यवसायीलाई नयाँ खरीद कार्यमा समावेश हुनबाट बन्चीत गर्न न्यायोचित हुने नभएकोले । |
| २४ | | (५) विधेयकमा संशोधन | यस उपदफामा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाका बखत म्याद थपका लागि निवेदन परिसकेको हकमा तत्काल कायम रहेको व्यवस्था बमोजिम म्याद थप गर्न बाधा पुगेको मानिने छैन । | उपदफा (२), (३) र (४) मा प्रस्तावित संशोधन खारेज गरी साविककै व्यवस्था कायम गर्न उपयुक्त भएको हुँदा यो उपदफा समेत राख्न आवश्यक नभएको । | उपदफा (२), (३) र (४) मा प्रस्तावित संशोधन खारेज गरी साविककै व्यवस्था कायम गर्न उपयुक्त भएको हुँदा यो उपदफा समेत राख्न आवश्यक नभएको । |
| २५ | ५८ | मूल ऐनमा संशोधन थप गर्नु पर्ने | (६) साविकमा व्यवस्था नभएकोले उपदफा (५) पछि उपदफा (६) थप गरिएको । | (६) बोलपत्रदाता र सार्वजनिक निकाय वा नियोक्ता बिच कुनै विवाद श्रृजना भएमा निर्माण कार्यको त्रुटि सच्याउने अवधि समाप्त भएको मितिले **पैतिस दिन भित्र** आफूलाई चित्त नबुझेको कुरामा दुवै पक्षले विवादको समाधान गर्न आफ्नो दावी पेश गरी सक्नु पर्नेछ । | करारका पक्षहरु बीचको विवादलाई निश्चित समय सिमा निर्धारण गरि सामाधान गर्न उपयुक्त हुने भएकोले । |
| २६ | ६३ | (१) (क) विधेयकमा संशोधन | एक वर्ष देखि तीन वर्ष सम्म कालोसुचीमा राख्न सकिने | एक वर्षसम्म कालोसुचीमा राख्न सकिनेछ । | सामान्य कसुरमा समेत यस्तो सजाय दिनु नहुने र यस्तो तजबीजी अधिकार दिंदा यसको दुरुपयोग हुने भएको, तीन वर्ष सम्म कालो सुचीमा राख्ने व्यवस्था लामो हुने भएको कारणले निर्माण कम्पनीहरु नै धरासायी भई बन्द हुने र निर्माण व्यवसायी तथा सोको कामदार, कर्मचारी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | वेरोजगार हुने भएको र लामो अनुभव प्राप्त व्यवसायीहरु विस्थापित भई राज्यले गुणस्तरिय सेवा प्राप्त गर्न नसक्ने भएकोले । |
| २७ | | विधेयकमा संशोधन | (१) दफा १९ को उपदफा (क) (१) मा उल्लेखित अवधि समाप्त भएपछि बोलपत्र संशोधन वा फिर्ता माग गरेमा | यो प्रस्तावित संशोधन हटाउनु पर्ने । | बोलपत्र संशोधन वा फिर्ता माग गर्नु मात्र कुनै कसूर नहुने र अन्तर्राष्ट्रिय प्रचलन एवं विश्व बैंक र एशियाली विकास बैंक समेतमा यसरी कालोसुचीमा राख्ने व्यवस्था नभएकाले । |
| २८ | | विधेयकमा संशोधन | (२) दफा २३ को उपदफा (क)(४) बमोजिम माग गरेको विषयमा जानकारी वा जवाफ नदिएमा वा त्यस्तो जानकारी वा जवाफ नदिएमा वा मुल्यमा सारभुत परिवर्तन गरेमा । | यो प्रस्तावित संशोधन हटाउनु पर्ने । | यस किसिमका कार्यहरुमा अन्तर्राष्ट्रिय प्रचलन, वर्ल्ड बैंक र एशियन डेभलपमेन्ट बैंक लगायतका दातृ निकायहरुका योजनामा समेत यस किसिमको सजाय नहुने भएकोले सो व्यवस्थासँग एकरुपता कायम गर्न आवश्यक भएको । साथै यस्तो कार्य गरेमा बोलपत्रको मुल्याङ्कनबाट हटाउन सकिने व्यवस्था गर्न सकिने भएकोले । |
| २९ | | विधेयकमा संशोधन | (३) दफा २७ वा ३८ बमोजिम स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा । | यो प्रस्तावित संशोधन हटाउनु पर्ने | यस्तो अवस्थामा प्रस्तावदाताको धरौटी मात्र जफत गर्न उपयुक्त भएकोले, अन्तर्राष्ट्रिय प्रचलन, वर्ल्ड बैंक र एशियन डेभलपमेन्ट बैंक लगायतका दातृ निकायहरुका योजनामा समेत यस किसिमको सजाय नहुने भएको, सामान्य मानवीय त्रृटि समेतले हुने कार्यमा राखिएको धरौटी जफत हुने व्यवस्था भएको र धरौटीको प्रयोग र उद्देश्य नै सोको लागि भएको हुँदा दोहोरो सजाय गर्न न्यायोचित नहुने भएकोले । |
| ३० | | विधेयकमा संशोधन | (६) सार्वजनिक खरिद अनुगमन कार्यालयले अनुगमन गर्दा वा अन्य कुनै निकायबाट प्राप्त **सूचनाका आधारमा जाँचबुझ** गर्दा कालोसूचीमा राख्ने देखिएमा | यो प्रस्तावित संशोधन हटाउनु पर्ने | कालो सूचीमा राख्नु पर्ने वस्तुनिष्ट आधार ऐनमै नतोकी सम्बन्धीत अधिकारीलाई पूर्ण रुपमा आत्मनिष्ट अधिकार दिंदा तजवीज अधिकारको दुरुपयोग भई यसबाट अनियमितताले प्रसय पाउने भएको हुँदा यस्तो व्यवस्था राख्न नमिल्ने भएकोले । |
| ३१ | | विधेयकमा संशोधन | (७) खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटी गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य सो सम्झौता बमोजिमको **गुणस्तर नभएको कुरा** | (७) खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटी गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य सो सम्झौता बमोजिमको **गुणस्तर नभएको कुरा त्रुटी सच्याउने अवधि समाप्त भएको मितिले पैतीस** | त्रुटी सच्याउने अवधि भित्रै गुणस्तरिय कार्य भए नभएको यकिन गरि सक्नु पर्ने र सार्वजनिक निकाय वा नियोक्तालाई जिम्मेवार बनाउन आवश्यक भएकोले । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **पछि प्रमाणित** भएमा | **दिन** भित्र प्रमाणित भएमा । | |
| ३२ | ६३ | (१)(ख) विधेयकमा संशोधन | (ख) **तीन वर्ष देखि पाँच वर्ष** सम्म राख्न सक्ने अवस्था | (ख) **एक वर्ष देखि दुई** वर्ष सम्म राख्न सक्ने अवस्था | सामान्य कसुरमा समेत यस्तो सजाय दिनु नहुने र यस्तो तजबीजी अधिकार दिंदा यसको दुरुपयोग हुने भएको, **तीन देखि पाँच वर्ष** सम्म कालो सुचीमा राख्ने व्यवस्था लामो हुने भएको कारणले निर्माण कम्पनीहरु नै हतोत्साही भई धरासायी हुने र बन्द हुने तथा निर्माण व्यवसायी र सोको कामदार, कर्मचारी वेरोजगार हुने भएको र यसबाट लामो समय अनुभव प्राप्त व्यवसायीहरु विस्थापित भई राज्यले गुणस्तरिय सेवा प्राप्त गर्न नसक्ने भएकोले । |
| ३३ | ६३क. | (२) विधेयकमा संशोधन | उपदफा (२) को अन्तिम शब्दपछि हाल व्यवस्था नभएकोले **प्रतिबन्धात्मक** वाक्यांश थप गरिएको | उपदफा (२) को अन्तिम शब्दपछि हाल व्यवस्था नभएकोले प्रतिबन्धात्मक वाक्यांश थप गरिएको **"तर यसरी निर्णय गर्दा सम्बन्धित पक्षलाई सफाईको मौकाबाट बञ्चित गरिने छैन ।"** | प्राकृतिक न्यायको सिद्धान्त अनुसार सफाईको मौका दिनुपर्ने भएकोले । |
| ३४ | ६३क. | (५) विधेयकमा संशोधन | उपदफा (५) बमोजिम लेखि आएको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले त्यस्तो रोक्का फुकुवा गर्न **सक्नेछ ।** | उपदफा (४) बमोजिम लेखि आएको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले त्यस्तो रोक्का फुकुवा गर्नु **पर्नेछ ।** | यसरी लेखि आएको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले अनिवार्य रुपमा रोक्का फुकुवा गर्नु पर्ने व्यवस्था लागु गर्न उपयुक्त भएकोले । |
| ३५ | ६४ | मूल ऐनमा संशोधन थप गर्नु पर्ने | **साविकमा व्यवस्था नभएको ६४क. थप गरिएको** | ६४क.(१) सार्वजनिक खरीदको कार्यको अनुगमन नियमन र सार्वजनिक खरीद प्रणालीलाई व्यवस्थित गर्न सार्वजनिक खरीद क्षेत्रमा महत्वपूर्ण योगदान गरेको स्वतन्त्र सार्वजनिक खरीद विज्ञ प्रमुख कार्यकारी अधिकृत रहने गरी **सार्वजनिक खरीद प्राधिकरणको** गठन तोकिए बमोजिम गरिने छ ।<br>(२) उपदफा (१) बमोजिम गठन हुने सार्वजनिक खरीद प्राधिकरणको गठन विधि, काम, कर्तव्य र अधिकार र सो सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | हालको सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सार्वजनिक खरीद प्राधिकरणको रुपमा रुपान्तरण गरी सार्वजनिक खरीदको कार्यलाई प्रभावकारी बनाई यसलाई स्वतन्त्र र विशिष्टकृत निकायको रुपमा संस्थागत विकास सहितको व्यवस्था गर्न अति अवाश्यक भएकोले र सार्वजनिक खरीद अनुगमन कार्यालयमा रहने जनशक्तिको छोटो छोटो अवधिमा परिवतर्न भईरहने र विशेषज्ञ जनशक्तिको समेत अभाव भएकोले सोको परिपूर्ति गर्न बाञ्छनिय भएकोले । |
| ३६ | ६७ | मूल ऐनमा संशोधन थप गर्नु पर्ने | साविकमा व्यवस्था नभएकोले दफा ६७ क. पछि ६७ ख. थप गरिएको । | ६७ ख. परियोजनाहरुको लागि **निर्माण सामाग्री श्रोत उत्खनन क्षेत्र तोकिए** बमोजिम हुनेछन् । | परियोजनाहरुको निर्माणको लागि निर्माण सामाग्रीहरु जस्तै ढुंगा, माटो, गिट्टी, बालुवा जस्ता निर्माण सामाग्रीको श्रोत उत्खनन क्षेत्र नतोकिएको कारण निर्माणस्थलमा निर्माण सामाग्रीहरुको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ढुवानीमा लागतको कारण निर्माण परियोजनाहरु सम्पन्न गर्न कठिनाई हुने गरेको, परियोजनाहरुको लागत अनुमान तयार गर्दा नै निर्माण सामाग्री श्रोत उत्खनन क्षेत्र निर्धारित भएमा लागत अनुमान वास्तविक र यथार्थ परक हुने भएकोले निर्माण सामाग्री श्रोत उत्खनन क्षेत्र नियममा तोकिए बमोजिम हुने गरी ऐन मै व्यवस्था गर्न आवश्यक भएकोले । |
| ३७ | ६७ | मूल ऐनमा संशोधन गर्ने | साविकमा व्यवस्था नभएकोले दफा ६७ ख. पछि ६७ ग. थप गरिएको । | ६७ ग. सार्वजनिक निकायले बोलपत्र आव्हान गर्दा आईटम वाईज **दररेट BOQ मा नै खुलाउनु** पर्नेछ । | यसरी दररेट मै खुलाउँदा लो बीडलाई निरुत्साही गर्न, पारदर्शीता कायम गर्न र स्वस्थ प्रतिष्पर्धा गराउन उपयुक्त हुने भएकोले । |
| ३८ | ६७ | मूल ऐनमा संशोधन गर्नु पर्ने | साविकमा व्यवस्था नभएकोले दफा ६७ ग. पछि ६७ घ. थप गरिएको । | ६७ घ. अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा अन्य अनुसन्धान वा अभियोजन गर्ने निकायबाट **निर्माण फर्म/कम्पनी र सोको संचालक उपर भ्रष्टाचार वा अन्य कुनै अभियोग लगाई मुद्दा दायर भएमा अदालतबाट अन्तिम फैसला भई दोषी प्रमाणीत नभएसम्म** निर्माण फर्म/कम्पनी/संचालककलाई वोलपत्रमा सहभागि हुन नपाउने गरि बन्देज गरिने छैन । | प्रचलित कानून बमोजिम अदालतबाट अन्तिम फैसला भई दोषी प्रमाणीत नभए सम्म कसैलाई पनि कसुरदार मान्न नमिल्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त भएको हुँदा यसरी अदालतबाट अन्तिम फैसला भई दोषी प्रमाणीत नभएसम्म निर्माण फर्म/कम्पनी/संचालकलाई वोलपत्रमा सहभागि हुनबाट बञ्चीत गराउन नमिल्ने । कर्मचारी उपर अभियोग लगाई मुद्दा दायर भए पछि अदालतबाट अन्तिम फैसला हुँदा सफाई पाएमा नीजहरुले निलम्बन अवधिको सम्पूर्ण सेवा सुविधा प्राप्त गर्ने तर निर्माण फर्म/कम्पनी वा संचालकले सफाई पाएमा सोबाट पुगेको व्यवसायीक क्षतिको कुनै क्षतिपुर्तिको पाउने व्यवस्था नभएकोले । |
| ३९ | ६७ | मूल ऐनमा संशोधन गर्नु पर्ने | साविकमा व्यवस्था नभएकोले दफा ६७ घ. पछि ६७ ङ. थप गरिएको । | ६७ ङ. यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै आयोजनाको निर्माण कार्य **खण्ड-खण्ड (Sectional) रुपमा** सम्पन्न भएको अवस्थामा त्यस्तो संरचनाको उपयोगिताको आधारमा सार्वजनिक निकाय वा नियमोक्ताले तोकिए बमोजिम **खण्ड-खण्ड ग्रहण (Sectional Takeover)** गर्न सक्नेछ । | आयोजनाको प्रकृति, आयोजना स्थल, भौगोलिक अवस्था, आयोजनाको उपयोग र आवश्यकता अनुसार कुनै आयोजना **खण्डगत रुपमा सम्पन्न भैसकेको अवस्थामा खण्ड-खण्ड हस्तान्तरण र ग्रहण (Sectional Takeover)** गर्न उपयुक्त हुने भएकोले । |
| ४० | ७१क. | (१) विधेयकमा संशोधन | प्रस्तावित विधेयकमा व्यवस्था नभएको हुँदा दफा ७१क.को उपदफा (१) को खण्ड (घ) पछि खण्ड (घ१) थपिएको | (घ१) **प्रतिनिधी, नेपाल निर्माण व्यवसायी महासंघ वा जिल्ला निर्माण व्यवसायी संघ- सदस्य** | सार्वजनिक **खरीद नियमावलीको नियम १४८(१) (ङ) मा समेत नेपाल निर्माण व्यवसायी महासंघको प्रतिनिधि** उक्त समितिमा सदस्य रहेको । तर हाल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रस्तावित विधेयकमा महासंघको प्रतिनिधि हटाई विधेयक प्रस्तुत भएकोले निर्माण व्यवसायीहरुको प्रतिनिधीमूलक संस्थाको सहभागिता बिना गठित दररेट निर्धारण समितिबाट निर्धारण हुने दररेट वास्तविक र यथार्थपरक नहुने भएकोले । |
| ४१ | ७२क. | विधेयकमा संशोधन | मूल ऐनको दफा<br>७२क. सुचिकृत व्यक्तिलाई प्राथमिकता दिने : सम्बन्धित निर्माण व्यवसायीले यस ऐन बमोजिम निर्माण कार्यको लागि प्रचलित कानून बमोजिम **रोजगार सेवा केन्द्रमा सुचिकृत भएका व्यक्तिलाई** प्राथमिकता दिनु पर्नेछ । | प्रस्तावित संशोधनको व्यवस्था हटाउनु पर्ने । | आर्थिक उदारीकण र श्रम कानूनको आधारभुत मान्यता समेतको आधारमा निर्माण व्यवसायीले **श्रमीक छनौट गर्न पाउने स्वायत्त अधिका**र माथि हस्तक्षेप हुने । स्थानियहरुले यो व्यवस्थाको आडमा प्रस्तावित व्यवस्थाको दुरुपयोग गरि श्रमीक छनौट गर्न निर्माण व्यवसायीहरुलाई बाध्य पार्ने भएकोले यसबाट निर्माण लागत अत्याधिक बढ्न गई काम समेत समयमा सम्पन्न नहुने भएकोले । |
| ४२ | ७२ख. | विधेयकमा संशोधन | ७२ख. अन्य **प्रचलित कानून बमोजिम कारवाही** गर्न बाधा नपर्नेः यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति माथि अन्य प्रचलित कानून बमोजिम कारवाही गर्न बाधा पुऱ्याएको मानिने छैन । | प्रस्तावित संशोधनको व्यवस्था हटाउनु पर्ने । | सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कारवाही हुने व्यवस्था यसै ऐन अर्न्तगत राखी कारवाही हुने व्यवस्था समेत रहे भएको हुँदा उल्लेखित ऐन, नियम बमोजिम कारवाही हुने नै भएको हुँदा अन्य प्रचलित कानून बमोजिमको कारवाहीको व्यवस्था अन्यायपूर्ण र न्यायका मान्य सिद्धान्त विपरित दोहोरो सजाय गर्न नमिल्ने भएकोले। |

**विशेष ध्यानाकर्षणः**

- निर्माण सम्बन्धि कार्यको लागि मात्र छुट्टै खरीद ऐनको व्यवस्था हुनुपर्ने । **कारण - निर्माण सम्बन्धि कार्य र यसको खरीद प्रक्रिया छुट्टै विशेष प्रकृतिको कार्य र प्रक्रिया भएकोले विशिष्टीकृत ऐन निर्माण गरी सोको आधारमा निर्माण खरीद** सम्बन्धि कार्य सम्पादन गर्न उपयुक्त हुने भएकोले ।